# जुनीचाँदे गाउँपालिका
# जाजरकोट



# *जुनीचाँदे गाउँपालिकाको आवधिक शिक्षा योजना*
## (२०७९/८०-२०८३/२०८४)

**जुनीचाँदे गाउँपालिका**
**जुनीचाँदे गाउँकार्यपालिका**

जाजरकोट

२०७९

**आवधिक शिक्षा योजना (आ.व. २०८०/८१ – २०८४/८५)**

**प्रकाशक** : **जुनीचाँदे गाउँपालिका**

गाउँ कार्यपालिकाको कार्यालय

**सर्वाधिकार** : प्रकाशकमा

**प्रकाशन मिति** : २०७९

**प्राविधिक सहयोग**: **तेर दे जोम फाउन्डेसन/सेन्टर फर सस्टेनेबल डेभलपमेन्ट स्टडिज प्रा.लि.**

**सम्पर्कका लागि** : गाउँ कार्यपालिकाको कार्यालय

मजकोट, जाजरकोट, कर्णली प्रदेश, नेपाल

फोन नं.: ९७६५३६४६३४

ईमेलः junichanderuralmun@gmail.com

वेवसाइटः https://www.junichaandemun.gov.np

# जुनीचाँदे गाउँपालिका

जाजरकोट, कर्णाली प्रदेश

## प्रकाशकीय

नेपालको संविधान मार्फत संघीय संरचना सहितको लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था, सामाजिक न्याय सहितको समानुपातिक, समावेशी शासकीय संरचना, मौलिक अधिकार, नागरिक स्वतन्त्रता जस्ता महत्वपूर्ण उपलब्धीहरु संस्थागत भएका छन् । संघीय संरचना अन्तर्गत निर्वाचित स्थानीय सरकार लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको आधारभुत मेरुदण्डका रुपमा रहेको छ । स्थानीय तह, प्रदेश र संघ बीच समन्वय, सहकार्य र सह–अस्तित्वको सिद्धान्तका आधारमा शासन व्यवस्थाको संचालनबाट मात्रै जनताको जनआकांक्षा पुरा गर्न सकिन्छ । यसै मर्मलाई मध्य नजर गर्दै, स्थानीय तह संचालन सम्बन्धी संघीय कानून (स्थानीय सरकार संचालन ऐन, २०७४) ले गाउँपालिकाले स्थानीयस्तरको विकासका लागि आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा आवधिक, वार्षिक, विषय क्षेत्रगत रणनीतिक, मध्यकालिन तथा दीर्घकालिन विकास योजना बनाई लागू गर्नु पर्ने व्यवस्था गरेको छ ।

यसै प्रावधान तथा गाउँपालिकाको कृषि क्षेत्रको नतिजामूखी विकासका लागि आवश्यकता महसुस गरी जुनीचाँदे गाउँपालिकाको पहिलो आवधिक शिक्षा योजना (२०७९/०८०–२०८३/८४) तर्जुमा गरिएको छ । यसवाट गाउँपालिकाको शैक्षिक क्षेत्रको नीति तथा कार्यक्रम निर्माण र विकास तथा रुपान्तरणमा मार्गदर्शन गर्नेछ भन्ने पूर्ण विश्वास लिएको छु । यो योजनाले जुनीचाँदे गापाको शैक्षिक विकासलाई आगामी वर्षहरुमा कसरी र कहाँ लैजाने भन्ने कुरा दिशानिर्देश गर्ने विश्वास लिएको छु । यसका साथै जुनीचाँदेको शैक्षिक विकास प्रति चासो व्यक्त गर्ने अन्य विकास साझेदारहरु तथा सरोकारवालाका लागि समेत यो आवधिक शिक्षा योजना महत्वपूर्ण र सहयोगी सिद्ध हुनेछ ।

यस आवधिक शिक्षा योजना तर्जुमा कार्यमा सहयोग तथा परामर्श प्रदान गर्ने गाउँपालिकाका निर्वाचित पदाधिकारीहरु, स्थानीयस्तरमा कृयाशिल राजनीतिक दल, कर्मचारी मित्रहरु, शिक्षा शाखा, अन्य सरोकारवाला संघ संस्था र तयारी प्रकृयामा आर्थिक सहकार्य गर्ने *तेर दे जोम फाउन्डेसन* साथै प्राविधिक सहयोग गर्ने सेन्टर फर सस्टेनेबल डेभलपमेन्ट स्टडिज प्रा. लि., ललितपुरका प्रविधिक टोलीको योगदानको उच्च कदर गर्दे धन्यवाद व्यक्त गर्न चाहन्छु ।

धन्यवाद ।।।

..........................

श्री बेद बहादुर शाही

अध्यक्ष

# जुनीचाँदे गाउँपालिका

जाजरकोट, कर्णाली प्रदेश

## मन्तव्य

नेपालमा संघीय लोकतान्त्रीक गणतन्त्रात्मक शासन व्यवस्था लागु भएर स्थानीय सरकार संचालन ऐन २०७४ जारी पश्चात जुनीचाँदे गापाको पहिलो आवधिक शिक्षा योजना तर्जुमा गरिएकोछ। यस गाउँपालिकाको शिक्षा क्षेत्रको समग्र विकास गर्न प्रथम आवधिक शिक्षा योजना (२०७९/०८०–२०८३/८४) तर्जुमा गरिएकोछ । गाउँपालिकाहरुले स्थानीयस्तरको विकासका लागि आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा आवधिक, वार्षिक, विषयक्षेत्रगत रणनीतिक योजना बनाई लागू गर्नु पर्ने व्यवस्था गरेको छ। स्थानीय तहले आफ्नो अधिकारक्षेत्रका विषयमा आफ्नो मापदण्ड तथा कार्यविधि बनाई अल्पकालिन, मध्यकालिन तथा दिर्घकालिन विकास योजना तुर्जमा गरी कार्यान्वयन गर्नसक्ने प्रावधान अनुसार शिक्षा क्षेत्रको आवधिक विकास योजना तर्जुमा गरिएको हो। यस योजनाले गापाको शैक्षिक क्षेत्रको दीर्घकालिन सोंच निर्धारण गरी, आगामि ५ वर्षमा गापाको शैक्षिक विकासलाई कस्तो अवस्थामा पुर्याउने भनेर लक्ष्य किटान र सो प्राप्तीका लागि श्रोत परिचालनको योजना समेत निर्माण गरेकोछ। गापाको नतिजामुखी तथा समग्र विकासमा र आगामी वर्षहरुको वार्षिक योजना तर्जुमामा महत्वपूर्ण मार्गदर्शक हुने विश्वास गरिएको छ ।

गाउँपालिकाको समग्र नेतृत्वमा तर्जुमा गरिएको यो योजनामा शिक्षाक्षेत्रलाई समेटेर तयार गरिएको आवधिक स्वरुपको योजना हो। गाउँ विकासका लागि सहकार्य गर्ने गैसस तथा विकास साझेदार लगायत सम्पूर्ण सरोकारवालाको लागि र गापाको शैक्षिक उत्थानको लागि महत्वपूर्ण दस्तावेज हुने विश्वास लिइएको छ।

योजना तर्जुमामा सहयोग गर्ने सम्पूर्ण पदाधिकारीहरु, राजनीतिक दल, कर्मचारी र गाउँपालिकाको प्रयत्नमा आर्थिक सहयोगका साथ सहकार्य गर्ने *तेर दे जोम फाउन्डेसन* तथा प्राविधिक सहयोग गर्ने सेन्टर फर सस्टेनेबल डेभलपमेन्ट स्टडिज प्रा. लि., ललितपुर र यसका प्राविधिक टोली सहित सबैको योगदानको उच्च कदर गर्दै धन्यवाद ज्ञापन गर्दछु।

**धन्यवाद !**

.................

**श्री बिरेन्द्र बहादुर शाही**

**उपाध्यक्ष**

# जुनीचाँदे गाउँपालिका

## जुनीचाँदे गाउँकार्यपालिकाको कार्यालय

जाजरकोट, कर्णाली प्रदेश

### दुइ शव्द

स्थानीय तह संचालन सम्बन्धी संघीय कानून (स्थानीय सरकार संचालन ऐन, २०७४) ले गाउँपालिका तथा नगरपालिकाले स्थानीयस्तरको विकासका लागि आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा आवधिक, वार्षिक, रणनीतिक क्षेत्रगत मध्यकालिन तथा दीर्घकालिन विकास योजना बनाई लागू गर्नु पर्ने व्यवस्था गरेको छ। योजना तर्जुमा गर्दा प्राथमिकता दिनु पर्ने विषयहरू समेत तोकेको र स्थानीय तहले कार्यसम्पादनका क्रममा लागत न्यूनीकरण, स्रोत साधनको अधिकतम उपयोग र प्रभावकारी सेवा प्रवाह सम्वन्धी व्यवस्था स्पष्टरुपमा उल्लेख गरेकोछ।

२०७२ सालमा नेपालको संविधान घोषणासँगै नेपालमा संघीय लोकतान्त्रीक गणतन्त्रात्मक शासन व्यवस्था लागु भई स्थानीय सरकार संचालन ऐन २०७४ जारी पश्चात जुनीचाँदे गापाको पहिलो आवधिक शिक्षा योजना (२०७९/०८०–२०८३/८४) तर्जुमा भएको छ। यस योजनाले गापाको शिक्षा क्षेत्रको दीर्घकालिन सोच निर्धारण गरी, आगामि ५ वर्षमा गापाको शिक्षा क्षेत्रको विकासलाई निर्धारित लक्ष्यसम्म पुर्याउन र सो का लागि श्रोत परिचालनको योजना समेत निर्माण गरेकोछ। गापाको नतिजामुखी शैक्षिक विकासमा र आगामी वर्षहरुको वार्षिक योजना तर्जुमामा महत्वपूर्ण मार्गदर्शक सावित हुने विश्वास गरिएको छ। यस योजनाले आगामी ५ वर्षमा यस गाउँपालिकालाई गुणस्तरीय शिक्षाका माध्यमबाट समृद्धउन्मुख बनाउन सहयोग गर्ने छ भन्ने विश्वास लिएको छु।

गाउँपालिकाको समग्र नेतृत्व, विषयगत कार्यलय तथा गाउँ विकासका सरोकारवालाको सहयोग तथा सहकार्यमा यस गापाको पाँच वर्षको आवधिक शिक्षा योजना तयार गरिएको छ। योजनाले शिक्षा क्षेत्रको नीति निर्माण तथा विकास प्रकृयालाई निश्चित गन्तव्यमा पुर्याउने विश्वास लिएको छु। यसका अतिरिक्त, गाउँ विकासका लागि सहकार्य गर्ने अन्य निकाय लगायत गैसस तथा विकास साझेदारका लागि पनि यो योजना र सहयोगी हुनुका साथै गाउँपालिकाको विकास र सम्मृद्धिको सपना सबैको एकता, साझा प्रयास र प्रतिवद्धताबाट प्राप्त हुने कुराको पुनः स्मरण गर्न चाहन्छु।
आवधिक शिक्षा योजना तर्जुमा गर्ने गाउँपालिकाको प्रयत्नमा सहयोग गर्ने गाउँपालिकाका निर्वाचित पदाधिकारीहरु, राजनीतिक दल, कर्मचारी र आर्थिक रुपले सहकार्य ***तेर दे जोम फाउन्डेसन*** साथै प्राविधिक सहयोग गर्ने सेन्टर फर सस्टेनेबल डेभलपमेन्ट स्टडिज प्रा. लि., ललितपुरका प्राविधिक टोली सहित सबैको योगदानको उच्च कदर गर्दै धन्यवाद ज्ञापन गर्दछु।

धन्यवाद !

......................

श्री पित्री भक्त गिरी
प्रमुख प्रशासकीय अधिकृत